# *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिकता

**सुमित्रादेवी तामाङ, उप–प्राध्यापक, नेपाली विभाग, भक्तपुर बहुमुखी क्याम्पस भक्तपुर, त्रिभुवन विश्वविद्यालय**

Email: sumighising9@gmail.com

ORCID ID : https://orcid.org/0009-0001-4746-6110

**लेखसार**

तिम्रो लोग्ने र म लैङ्गिक विषयमा आधारित कथासङ्ग्रह हो । कथाकार निरूपा प्रसूनद्वारा लिखित यस सङ्ग्रहमा महिला, पुरुष र समलिङ्गीजस्ता फरक फरक लैङ्गिक अवस्था भएका पात्रहरूको उपस्थिति रहेको छ । मूलतः पुरुषप्रधान नेपाली समाजले महिलालाई हेर्ने परम्परित दृष्टिकोणको खण्डन गर्दै लैङ्गिक समानतामाथि विशेष जोड दिइएको यस सङ्ग्रहमा महिला समलिङ्गीको भावना र चाहनालाई पनि समेटिएको छ र यसका माध्यमबाट अन्य लिङ्गीहरूको समेत स्वतन्त्र अस्तित्वको खोजी गरिएको छ । अतः प्रस्तुत कथासङ्ग्रहका कथामा लैङ्गिकता सम्बन्धी धारणा कसरी प्रकट गरिएको छ भन्ने कुरालाई मुख्य समस्या बनाई तिनैको निरूपण गर्ने प्रयास यहाँ गरिएको छ । यसका लागि पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी प्रथम सामग्रीका रूपमा निरूपा प्रसूनका तिम्रो लोग्ने र म कथासङ्ग्रहलाई लिइएको छ र लैङ्गिकतासम्बन्धी लेखिएका समालोचनात्मक लेख रचना र पुस्तकलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत सामग्रीको विश्लेषण गर्नका लागि लैङ्गिकतासम्बन्धी अवधारणालाई प्रमुख सैद्धान्तिक आधार मानिएको छ भने पाठविश्लेषण पद्धतिको उपयोग गरिएको छ । अन्ततः लैङ्गिकताको दृष्टिकोणले प्रस्तुत कथासङ्ग्रह उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

*मुख्य शब्दहरू* : पहिचान, प्रतिरोध, यौनिकता, लैङ्गिकता, शक्तिसम्बन्ध

Article's information : Manuscript received : 2024/10/07, Date of review : 2025/01/27, Date of manuscript acceptance 2025/04/25 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar

DOI : https://doi.org/10.3126/vaikharivani.v3i1.87432

Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2026 @ Vaikharivani

This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख निरूपा प्रसूनको *तिम्रो लोग्ने र म* कथासङ्ग्रहमा सङ्गृहीत कथामा निहित लैङ्गिकताको अध्ययनमा केन्द्रित छ । निरूपा प्रसून समकालीन नेपाली कथाकार हुन् । प्रवृत्तिगत आधारमा हेर्दा उनी नारीवादी कथाकार हुन् । उनका कथामा वर्तमान नारीहरूको जीवनभोगाइ लगायत उनीहरूमा आएको नारीउत्पीडन विरुद्धको प्रतिरोधी चेतना अथवा लैङ्गिक चेतना सशक्त रूपमा प्रकट भएको पाइन्छ । उनको *तिम्रो लोग्ने र म* (२०७१) कथासङ्ग्रहमा तेह्रवटा कथाहरू सङ्कलित छन् । तीमध्ये ‘भोज’ मा समसामयिक साहित्यको अवस्था र तिनका बेथितिप्रति व्यङ्ग्य गरिएको छ भने यीबाहेक ‘ड्यानियल बुरेल’, ‘वरिपरि’, ‘आधाआधी’, ‘रामलाल’, ‘मेरो प्रेमी’, ‘तिम्रो लोग्ने र म’, ‘एउटा पुरानो कथा’, ‘आइमाई’, ‘एक हरफ जिन्दगी’, ‘भाइरस’, ‘उर्वशी’ र ‘अन्तिम आश’ लगायत बाह्रवटा कथामा लैङ्गिक चेतना सशक्त रूपमा प्रकट भएको छ । ‘ड्यानियल बुरेल’, ‘मेरो प्रेमी’, ‘तिम्रो लोग्ने र म’ र ‘भाइरस’मा पुरुष जातिले नारीलाई केवल मनोरञ्जनको साधन मानेर तिनीहरूको भावनामाथि कसरी खेलबाड गर्छन् भन्ने कुरा देखाइएको छ । ‘वरिपरि’, ‘आइमाई’, ‘एक हरफ जिन्दगी’ र ‘अन्तिम आश’मा पितृसत्तात्मक धारणा र सामाजिक व्यवस्थाविरुद्ध प्रतिरोधी चेतना प्रकट भएको छ । ‘आधाआधी’मा महिला

समलिङ्गीको बाध्यता र विवशता प्रकट भएको छ । 'एउटा पुरानो कथा'मा नारी मनभित्रै पनि कसरी पितृसत्ताले जरो गाडेर बसेको हुन्छ भन्ने कुराको उजागर गरिएको छ भने 'उर्वशी'मा पितृसत्ताको भोगवादी प्रवृत्तिका साथै लैङ्गिक विभेदका कारण चरम पुँजीवादी समाजमा महिला स्वयम् कसरी देहव्यापारमा संलग्न हुन पुग्छन् भन्ने कुरालाई देखाइएको छ । समग्रमा प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूले नेपाली समाजमा परम्परादेखि जरो गाडेर बसेको पितृसत्तात्मक सामन्ती सोँच भएका पुरुषहरूको नारीलाई हेर्ने दृृष्टिकोणको उत्खनन् र परम्परित पुरुषवादी मान्यताका विरुद्ध नारीहरूमा पलाउँदै गरेको प्रतिरोधी चेतना लगायत पुरुष र नारीभन्दा भिन्न लैङ्गिकता भएका व्यक्तिको आवाजलाई पनि स्थान दिएको छ ।

लैङ्गिकताले मानिसका जैविक प्राकृतिक गुण अर्थात् शारीरिक बनोटको भिन्नताका कारण सामाजिक विशेषतामा हुने भिन्नता अर्थात् स्त्रीत्व र पुरुषत्वलाई बुझाउँछ । लैङ्गिक अध्ययन पितृसत्तात्मक सामाजिक सांस्कृतिक व्यवस्थाका कारण विभेदमा परेका महिला, पुरुष र अन्य लिङ्गीसँग सम्बद्ध अध्ययन हो । यो सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण अवधारण हो । यसले सामाजिक लिङ्ग व्यवस्थामा रहेका विभेदकारी चिन्तनलाई विस्थापित गरी समानताको अवधारणा स्थापना गर्न प्रेरित गर्दछ । लिङ्गगत भिन्नताको आधारमा समाजले पुरुष, महिला र अन्य लिङ्गी मानिसका लागि जेजस्ता सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, सांस्कृतिक तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ त्यसको अध्ययन गरी सामाजिक विभेदको अन्त्य र समानाताको खोजी यसले गर्दछ । साहित्यमा यसले कृतिमा अभिव्यक्त लैङ्गिक भिन्नता भएका व्यक्ति, तिनको सांस्कृतिक व्यवहार र सामाजिक शक्तिसँग त्यसको सम्बन्धलाई महत्त्वका साथ हेर्दछ ।

नेपाली साहित्यमा लैङ्गिकतासम्बन्धी थुप्रै सैद्धान्तिक र प्रायोगिक कार्य भएको छ । ज्ञानू पाण्डे (२०६९) को नेपाली उपन्यासमा लैङ्गिकता शीर्षकको पुस्तकमा लैङ्गिक अवधारणाको सैद्धान्तिक परिचय दिई पहिलो चरणका स्वास्नीमान्छे, अनुराधा, सुभद्रा बज्यै, तीन घुम्ती र दोस्रो चरणका तरुनी खेती, उसको लोग्ने र बिरालो, समानान्तर आकाश, मानसी, सुसम चण्डीका, सिक्काका दुई पाटा, बदलि"दो क्षितिज र अनावृत्त उपन्यासको विश्लेषण गरिएको छ । एकनारायण पौड्याल (२०७०) को समालोचनाको स्वरूप र पद्धतिमा समालोचनाको प्रमुख पद्धतिअन्तर्गत लैङ्गिक समालोचनाको चर्चा गरिएको छ । यसमा लैङ्गिक समालोचनाको प्रारम्भ र सिद्धान्तको चर्चा गर्दै परम्परित रूपमा व्याख्या गरिएभन्दा भिन्न प्रकारले यौनिकता र लैङ्गिकताको अध्ययन गर्नेल समालोचनालाई लैङ्गिक समालोचना भनिने कुरा उल्लेख गरिएको छ । रजनी ढकाल (२०७०) को 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता' शीर्षकको लेखमा सांस्कृतिक अध्ययनमा लैङ्गिकताको अध्ययन कसरी गरिन्छ भन्ने कुराको उल्लेख गर्दै लैङ्गिकताको अवधारणालाई स्पष्ट पारिएको छ । यस क्रममा लैङ्गिकतालाई समाजले निर्धारण गरेको महिला र पुरुषको भूमिकासँग सम्बन्धित अवधारणाको रूपमा लिइने कुरा उल्लेख गरिएको छ । राधिकादेवी गुरागाईं (२०७१) को 'स्वास्नीमान्छे नाटकमा लैङ्गिकता' शीर्षकको लेखमा लैङ्गिक प्रतिनिधित्व र पहिचानका दृष्टिकोणमा 'स्वास्नीमान्छे' नाटकमा नारी प्रतिनिधित्व र पहिचान तथा पुरुष प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ । ज्ञानू पाण्डे (२०७६) को 'समकालीन नेपाली कथामा लैङ्गिक चेतना' शीर्षकको लेखमा लैङ्गिकताको सैद्धान्तिक परिचय दिई समकालीन नेपाली कथामा लैङ्गिक चेतना कसरी प्रकट भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । रमेशप्रसाद भट्टराई (२०६९) को 'लैङ्गिक समालोचना' शीर्षकको लेखमा लैङ्गिक समालोचनाको परिचय, प्रारम्भ र विकासलाई प्रस्तुत गर्दै लैङ्गिक अध्ययनका मुख्य विषयहरूको चर्चा गरिएको छ र सोही क्रममा लैङ्गिकताको बारेमा उल्लेख गरी लैङ्गिकता सामाजिक निर्मिति हो र यो लिङ्गको सन्दर्भबाट आएको नभई यौनिकताको सन्दर्भबाट आएकोले यसले समलैङ्गिक र क्युर सिद्धान्तको अध्ययन गर्दछ भनिएको छ । रजनी ढकाल (२०७७) को समकालीन नेपाली कथामा वैचारिकतामा नारीवादी तथा लैङ्गिक चेतनामा कथा लेख्ने कथाकार र तिनको कथालेखनको सर्वेक्षण गरी लैङ्गिक चेतनाको परिचय दिइएको छ । लैङ्गिक अध्ययनमा महिला तथा अन्य लिङ्गका मानिसमाथि हुने सामाजिक विभेद र उनीहरूको अधिकार स्थापनाका लागि आवाज उठाइने कुराको उल्लेख

गर्दै समकालीन नेपाली कथामा यस किसिमको आवाज कुनकुन लेखकले कुनकुन कथामार्फत् कसरी उठाएका छन् भन्ने कुराको विश्लेषण विश्लेषण गरिएको छ । रजनी ढकाल (२०८१) को लैङ्गिकता र नेपाली साहित्य नामक पुस्तकमा लैङ्गिकता र साहित्यको पृष्ठभूमि, लैङ्गिकता र सामाजिक पक्ष, लैङ्गिकताको ऐतिहासिक सन्दर्भ र यसको विकास र सैद्धान्तिक विमर्शलाई प्रस्तुत गर्दै नारीवादी चिन्तनको विकास, सांस्कृतिक अध्ययनमा लैङ्गिकता, नेपाली साहित्यमा शरीरराजनीति आदि शीर्षकमा लैङ्गिकताको परिधि र यसको अध्ययन क्षेत्रको बारेमा चर्चा गरिएको छ। लैङ्गिकतासम्बन्धी यी अध्ययन केही सैद्धान्तिक प्रकृतिका छन् भने केही प्रायोगिक किसिमका छन् । प्रायोगिक अध्ययन नेपाली साहित्यको कथा र उपन्यास विधास"ग सम्बद्ध छन् । निरूपा प्रसूनको तिम्रो लोग्ने र म कथा लैङ्गिकताको परिधिमा लेखिएको भए पनि यसस"ग सम्बद्ध कुनै पनि अनुसन्धानमूलक तथा समालोचनात्मक कार्य नभएकाले उक्त प्राज्ञिक रिक्तताको परिपूर्तिका लागि प्रस्तुत लेख लेखिएको हो । यस किसिमको प्राज्ञिक कार्य आवश्यक भएकोले यो औचित्यपूर्ण रहेको छ।

**समस्याकथन**

प्रस्तुत लेखको मुख्य समस्या *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिकताको अध्ययन गर्नु हो । प्रस्तुत कथासङ्ग्रहका कथाहरू लैङ्गिक दृष्टिकोणबाट हेर्दा मूलतः नारीसमस्यामा केन्द्रित छन् भने केही कथाहरू पुरुषकेन्द्रित सामाजिक विषयवस्तुमा आधारित पनि छन् । 'आधाआधी' शीर्षकको एउटा कथा समलिङ्गी समस्यामा केन्द्रित छन् । यसरी हेर्दा यस सङ्ग्रहमा सङ्गृहीत कथाहरू लैङ्गिक समस्या पूर्ण रूपमा केन्द्रित छन् । तसर्थ प्रस्तुत अध्ययनमा यसैलाई मुख्य समस्या बनाइएको छ । यसस"ग सम्बद्ध अन्य समस्यालाई शोधप्रश्नका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिकतासम्बन्धी कुनकुन पक्षको चित्रण गरिएको छ ?
(ख) *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिक समस्यालाई कसरी प्रस्तुत गरिएको छ ?
(ग) *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिक समस्यालाई चित्रण गर्नुको प्रयोजन के हो ?

प्रस्तुत शोधप्रश्नले उठाएको प्राज्ञिक जिज्ञासाको निराकरण गर्नु तथा कथामा चित्रित लैङ्गिक समस्याको विश्लेषण गरी ठोस निष्कर्षमा पुग्नु यस लेखको मुख्य उद्देश्य हो । *तिम्रो लोग्ने र म* कथासङ्ग्रहमा विभिन्न विषयसँग सम्बन्धित तेह्रवटा कथाहरू रहेका भए पनि लैङ्गिक दृष्टिकोणले सशक्त ठानिएका 'ड्यानियल बुरेल', 'वरिपरि', 'आधाआधी', 'मेरो प्रेमी', '*तिम्रो लोग्ने र म*', 'आइमाई', 'एक हरफ जिन्दगी', 'भाइरस', 'उर्वशी' र 'अन्तिम आश' गरी दशवटा कथाहरूको मात्रै चर्चा र आवश्यकताअनुसार विश्लेषण गरिएको छ । कथा विश्लेषणका विभिन्न पद्धति र सैद्धान्तिक आधार छन् । तीमध्ये लैङ्गिकता सम्बन्धी अवधारणा पनि एक हो । यहाँ यसै सिद्धान्तमा आधारित भई विभिन्न कथाको विश्लेषण गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा लैङ्गिकता शीर्षकको प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएको सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । कथाकार निरूपा प्रसूनद्वारा लिखित *तिम्रो लोग्ने र म* कथासङ्ग्रहलाई सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने लैङ्गिकता सम्बन्धी तयार पारिएका विभिन्न पुस्तक तथा समालोचनात्मक लेखलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक भएकाले यसका लागि पाठविश्लेषण विधिको उपयोग गरिएको छ । पाठविश्लेषणका पनि विभिन्न प्रकार हुन्छन् तीमध्ये यहाँ विषयविश्लेषणलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको छ । सामग्रीको विश्लेषणका लागि लैङ्गिकतासम्बन्धी पूर्वस्थापित सिद्धान्तलाई मुख्य अवधारणा बनाइएको छ ।

**सैद्धान्तिक अवधारणा**

लैङ्गिकता अङ्ग्रेजीको जेन्डर शब्दको पर्यायवाचीका रूपमा प्रचलित नेपाली शब्द हो। यसले मानिसका जैविक प्राकृतिक गुण अर्थात् लिङ्गगत शारीरिक बनोटको भिन्नताका कारण सामाजिक विशेषतामा हुने भिन्नता अर्थात् स्त्रीत्व र पुरुषत्वलाई बुझाउँछ। लिङ्ग प्राकृतिक हुन्छ र यसको निर्धारण जैविक विशेषताअनुरूप आनुवंशिक रूपले हुन्छ। जैविक कारणले नारी र पुरुषका यौनाङ्गहरूमा भिन्नता हुने हुनाले यसलाई प्राकृतिक भनिएको हो र यसलाई सामाजिक प्रक्रियाभन्दा विपरीत अर्थमा लिइएको हो। लैङ्गिकताले महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषतालाई नभई तिनको सामाजिक सांस्कृतिक भूमिका र विशेषतालाई बुझाउँछ (प्रतीक्षा, २०७९, पृ. ३२६)। वास्तवमा शारीरिक संरचना वा बनोटका आधारमा नारी र पुरुषले गर्ने काम र जिम्मेवारीको बाँडफाँड, शक्तिसम्बन्ध र सामाजिक सांस्कृतिक मान्यताको अध्ययनको अवधारणा नै लैङ्गिकता हो। यसले समाजमा महिला र पुरुषले सम्पादन गर्ने सामाजिक भूमिका वा व्यवहार र क्रियाकलापको अध्ययन गर्दछ। यसर्थ लैङ्गिकताले सामाजिक सम्बन्धका आधारमा निर्माण भएको सामाजिक संरचनामाथि नियन्त्रण गर्ने सांस्कृतिक अवधारणा र अभ्यास तथा महिला र पुरुषका बिचमा निर्धारित सामाजिक मूल्यमान्यता, अवधारणा, संस्कार, व्यवहार आदिको समष्टि रूपलाई जनाउँछ। (बार्कर, सन् २००८, पृ. ४८०)। यसले सामाजिक–सांस्कृतिक सन्दर्भमा नारी र पुरुषको भूमिकाको विश्लेषण गर्दछ।

मानिस लगायत संसारमा जति पनि प्राणीहरू छन् ती प्रत्येक प्रजातिका प्राणीहरू भाले र पोथी गरी दुई किसिमका छन्। यो सृष्टिको निरन्तरताको लागि प्राकृतिक रूपमै तय भएको कुरा हो। मानव समाजमा भाले जातिलाई पुरुष भनेर चिनिन्छ भने पोथी जातिलाई स्त्री वा महिला भनेर चिनिन्छ। यीबाहेक फरक यौनिकता भएको तेस्रो लिङ्गी तथा समलिङ्गीको पनि पहिचान विस्तारै खुल्दै आएको छ जसलाई अन्य लिङ्गी भनिएको छ। यही यौनिक भिन्नतालाई आधार मानी समाजमा विभेदकारी पितृसत्ताले स्त्री तथा अन्य लिङ्गीलाई शोषण गर्न थालेपछि यस व्यवस्थाका विरुद्ध आवाजहरू उठ्न थाल्यो र विश्वयुद्धजस्ता महाविनाशकारी घटनापश्चात् विश्वमा राजनीति, कला, साहित्य, दर्शन जस्ता क्षेत्रहरूमा नयाँ चिन्तनको आरम्भ भएसँगै लैङ्गिक समानताको अवधारणाको पनि विकास भयो (पाण्डे, २०६९, पृ. ४)। यस अवधारणाले विभेदकारी अमानवीय संस्कृतिबाट नारी र पुरुषबीच रहिआएको असमानजनक मान्यतालाई विस्थापित गरी समानताको संस्कृतिप्रति मानवसमाजलाई ब्युँझाउने वा अनुरक्त पार्ने प्रयास गर्दै आएको छ (पाण्डे, २०६९, पृ. २)। लैङ्गिकता वा लैङ्गिक अध्ययन समाजमा पुरुष र महिलाको सम्बन्ध र समाजमा तिनको भूमिका तथा सामाजिक, आर्थिक र सांस्कृतिक संरचनामा तिनको समान अधिकारसम्बन्धी अध्ययन हो। यो महिलाहरूको आर्थिक सशक्तीकरण र सामाजिक–सांस्कृतिक मुद्दाहरूसँग नजिकबाट जोडिएको हुन्छ। यसले समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ र कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण समेत गर्दछ (भट्टराई, २०६८, पृ. २६१)। लैङ्गिक अध्ययनका क्रममा सन् १९८० को दशकमा समलिङ्गी नारीवाद र सन् १९९० को दशकमा सन्दिग्धता सिद्धान्तको स्थापना भएपछि अब नारी र पुरुषबीचको असमानजनक स्थितिको मात्र होइन तेस्रो लिङ्गीहरूको पनि अध्ययनको अवधारणाको विकास भयो (ढकाल, २०७०, पृ. ३३२)। वास्तवमा यही समानतामूलक संस्कृति निर्माणको अवधारणालाई नै लैङ्गिकताको अवधारणा भनिन्छ। यस अवधारणाले विश्वका सबै मुलुक र क्षेत्रलाई प्रभाव पारेपछि समालोचनामा पनि यसको प्रयोग हुन थाल्यो र लैङ्गिक समानता सम्बन्धी थुप्रै आवाजहरू उठाइन थालियो।

लैङ्गिक समालोचनाअन्तर्गत कृतिभित्र प्रस्तुत विभिन्न पात्रहरूको लैङ्गिक अवस्था र भूमिकाको खोजी गरिन्छ। विश्वसाहित्य र समालोचनामा लैङ्गिकताको प्रवेश महिलामुुक्ति आन्दोलनसँग आबद्ध भएर भएको देखिन्छ। साहित्यमा परम्परागत सामाजिक संरचनाभित्र महिलाले भोग्ने गरेको कुरालाई नै साहित्यमा पनि चित्रण गरिने हुनाले महिलालाई जहाँ पनि सधैँ दोस्रो दर्जाको नागरिक बनाएपछि यसबाट असन्तुष्ट महिला लेखकहरूले यसको विरोध गर्दै समालोचनाको माध्यमबाट पनि आङ्खनो अस्तित्वको खोजी गर्न थालेपछि समालोचनामा

लैङ्गिकताले स्थान पाएको हो (प्रतीक्षा, २०७९, पृ. ३३२)। लैङ्गिक समालोचनाले साहित्य सिर्जना र त्यसको ग्रहणमा यौनिक परिचयले कसरी प्रभाव पार्छ भन्ने कुराको परीक्षण गर्दछ। यसअन्तर्गत पात्रको यौनिकता तथा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक भूमिका र सामाजिक विभेद, पितृसत्तात्मकता, लैङ्गिक स्वतन्त्रता र समानताको खोजी, आर्थिक स्वामित्व र आत्मनिर्भरता, पेसागत भिन्नता, सामाजिक रूढि र धार्मिक अन्धविश्वास आदिको विश्लेषण गर्दछ। यसले कृतिमा वर्णित लिङ्गको सामाजिक–सांस्कृतिक वर्णनमा जोड दिने हुनाले यो मूलतः राजनीतिसँग नजिक देखिन्छ। यसले कृतिमा पुरुष र महिलाको सम्बन्ध, पुरुषपुरुषबीचको सम्बन्धको विश्लेषण गर्दै सत्ताले महिलालाई दिएको अधिकारप्रति बढी झुकाव राख्दछ र सामाजिक रूपमा लैङ्गिक समानता हुनुपर्नेमाथि जोड दिन्छ (भट्टराई, २०७६, पृ. २७०)। समग्रमा भन्नुपर्दा मूलतः यसमा कृतिभित्रका पात्रहरूको लैङ्गिक अवस्था र तिनको भूमिकाका आधारमा पाठको विश्लेषण गरिन्छ र समालोचनात्मक दृष्टिकोण प्रस्तुत गरिन्छ। प्रस्तुत लेख लैङ्गिकता सम्बन्धी यसै अवधारणामा आधारित भई तयार पारिएको छ।

## विमर्श र परिणाम

प्रस्तुत लेखमा *तिम्रो लोग्ने र म* कथासङ्ग्रहमा सङ्कलित कथाहरूलाई निम्नानुसारका शीर्षकहरूमा राखी विमर्श गरिएको छ र उचित परिणाम निकालिएको छ।

### पुरुषप्रधान मानसिकताको उत्खनन

नेपाली समाज पुरुषप्रधान समाज हो। विगतदेखि वर्तमानसम्म यहाँका सामाजिक–सांस्कृतिक संरचना, परम्परा र आर्थिक प्रणालीमा पुरुषकै एकाधिकार रहेको छ। २०६२/६३ सालको जनआन्दोलनपश्चात् निर्मित नेपाल अधिराज्यको संविधान २०७२ ले महिलालाई केही अधिकारहरूद्वारा सुनिश्चित गरे पनि व्यवहारमा पूर्ण रूपमा त्यो लागू भइसकेको अवस्था छैन। हाल महिलाहरू विभिन्न क्षेत्रमा सक्रिय छन्। पुरुषलेझैं उच्च शिक्षा हाँसिल गरी दक्षतापूर्वक आफ्नो कार्यसम्पादन गर्न सक्षम हुँदाहुँदै पनि घरपरिवारदेखि लिएर सामाजिक क्षेत्र तथा कार्यालयमा उनीहरूलाई पुरुषलाई झैं ससम्मान व्यवहार गरिएको अझै पाइदैन। अझै पनि नारीलाई पुरुषको भोग्या वा मनोरञ्जनको साधनकै रूपमा ठानेर व्यवहार गरिन्छ। उनीहरूको भावनामाथि खेलबाड गर्ने प्रयत्न गरिन्छ। यो नारीलाई हेर्ने परम्परित पुरुषप्रधान मानसिकता हो। यस्तो मानसिकता शिक्षत भनिने पुरुषहरूमै अझ बढी पाइन्छ भने कतिपय महिलाहरूकै सोँचमा पनि यही कुराले जरो गाडिरहेको पाइन्छ। त्यसैगरी फरक किसिमको लैङ्गिकता भएको व्यक्तिप्रति गरिने व्यवहारमा त झनै परिवर्तन नआइसकेको अवस्था रहेको छ। प्रस्तुत *तिम्रो लोग्ने र म* कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा यस्तो किसिमको पुरुषप्रधान मानसिकताको उत्खनन गर्ने प्रयत्न गरिएको छ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्कलित पहिलो कथा 'ड्यानियल बुरेल'मा ड्यानियल विदेशी नामधारी पुरुषले प्रेमको नाटक गरी एउटी सामान्य युवतीको भावनामाथि खेलबाड गरेको छ भने 'वरिपरि' शीर्षकको कथामा साहित्यकार जस्तो सचेत वर्गका नारीलाई समेत कवि, साहित्यकार तथा सम्पादक जस्ता पुरुषहरूले केवल आफ्नो मनोरञ्जनको लागि उसबाट फाइदा उठाउन खोजेको छ। त्यसैगरी 'मेरो प्रेमी', 'तिम्रो लोग्ने र म', 'आइमाई', 'एक हरफ जिन्दगी', 'भाइरस', 'उर्वशी', 'अन्तिम आश' लगायतका कथाहरूमा पुरुषहरूले कहिले प्रेमका नाममा नारी भावनासँग खेलबाड गरेका छन् भने कतै खुलेआम नारीदेहसँग खेल्न प्रस्ताव राखेका छन्। "आखिर किन पुरुषहरू आइमाईलाई छुन मात्रै चाहन्छन् ? सँगै सुत्न मात्रै चाहन्छन्। आखिर किन ( एक हरफ जिन्दगी पृ. ९२) ?" कथाको यस उद्धरणले यस कुराको पुष्टि गरेको छ तर महिलालाई भने यस्तो छुट छैन। उनीहरूले सधैँ पुरुषको इच्छाबमोजिम चल्नुपर्छ। घरमा श्रीमती भई भई पनि बाहिर केटी राख्न छुट दिने पितृसत्ताले महिलाले कसैसँग सम्बन्ध राखेको थाहा पाउने बित्तिकै उसलाई परित्याग गर्नुपर्छ भन्ने मान्यता राख्छ। यतिमात्रै होइन एकजना पुरुषसँग विवाह गरिसकेपछि उसको मृत्युपश्चात् पनि अर्को पुरुषसँग सम्बन्ध गाँस्न नहुने मान्यता समेत पितृसत्ताको रहेको छ। यस्तै मानसिकताको उत्खनन कथामा यसरी गरिएको छ :

साक्ष्य १

'बिहे नै गरेकी होइन, सुत्न मात्र आउँछ । घरमा स्वास्नी छ । बाहिर–बाहिर केटी राखिहिँड्छ ।...' '... उसकी स्वास्नीको पनि अर्को केटो रै'छ । रङ्गेहात भेट्यो रे उसले । त्यसपछि छाडिदिएको हो रे । पछि अर्कै केटी थिई त्यसलाई पनि छोड्यो (उर्वशी पृ.१२६) ।'

साक्ष्य २

सम्पादकसँग कुनै लिनुदिनु थिएन एन्जलाई सिर्फ अनुभव लिनु नै त थियो । आफ्ना लागि होइन विदेशमा बसेको प्रेमीलाई सुनाउन ।

'जीवन्त कुराभित्र जीवन खोज्नुहुन्न ।'

उसको यही पहिलो भनाइले एन्जललाई सम्पादक असाध्य मन परेको थियो ।

रहर गर्नासाथ हासिल गर्न सफल भएको पीडाबीच अनौठो अनुभूति प्रफुल्ल हुँदै सुनाएको एक हप्ता नबित्दै प्रेमीले एन्जललाई छोडेको घोषणा गऱ्यो (अन्तिम आश पृ.१३०) ।

साक्ष्य ३

'होइन यस पटक उनका पिताले होइन, स्वयं गोमाले विवाह गर्न मानिन् । उनले म एउटाकी धर्मपत्नी भइसकेँ । अब म उनीबाहेक अरुकी हुन सक्दिनँ । म मरेपछि उनलाई स्वर्गमा भेट्ने आशा गर्दै बाँकी जीवन बिताउँछु भनिन् ।... (एउटा पुरानो कथा पृ.८३)'

साक्ष्य १ मा स्वास्नीलाई अर्को केटोसँग रङ्गेहात भेटेपछि छोडिदिएका पुरुषले आफूले भने अनेक केटीसँग सम्बन्ध राख्दै हिंडेको छ । यसो हुनुमा नेपाली समाजमा पुरुषलाई जसो गर्दा पनि छुट दिइने परम्परा तथा छुट पाइन्छ भन्ने मानसिकता प्रवल रहेको छ । यसैगरी साक्ष्य २ मा प्रेमीकै सल्लाहअनुसार प्रेमिका एन्जलले अन्य कुनै पुरुष (सम्पादक) सँग सङ्गत गरेको कुरा सुनाएकै भरमा उसलाई छोडिदिएको घोषणा गर्नुले पनि प्रेमी होस् वा स्वास्नी कसैले पनि आफूबाहेक अन्य पुरुषसँग सम्बन्ध गाँस्न नहुने पुरुषप्रधान मानसिकतालाई नै प्रष्ट पारेको छ । साक्ष्य ३ मा चाहिँ पुरुष मात्र होइन महिला पनि पुरुषप्रधान मानसिकताले जकडिएको नेपाली समाजको यथार्थ प्रकट भएको छ । गोमा तिनै महिलाहरूको प्रतिनिधि हुन् । जसलाई एउटा पुरुषसँग विवाह गरिसकेपछि ती पुरुष मरेर गए पनि बाँचुन्जेल उसैको सम्झना गरेर बसेमा पुनः स्वर्गमा भेट हुन्छ भन्ने आश्वासनका साथ उसलाई बन्दी बनाइएको छ । यसरी प्रस्तुत कथासङ्ग्रहका कथाहरूले पुरुषप्रधान मानसिकताले ग्रस्त नेपाली समाजको नारीलाई हेर्ने दृष्टिकोण र पुरुष वर्चस्वको उत्खनन गरी त्यस्तो मानसिकता भएका मानिसहरूलाई नङ्ग्याएर लैङ्गिक सचेतना जगाउने प्रयास गरेको छ ।

**पितृसत्ता विरोधी प्रतिरोधी चेतनाको उजागर**

पितृसत्ता भनेको पुरुषको शासन वा हालीमुहालीको अवस्था हो भने प्रतिरोध भनेको सत्ता वर्चस्वका विरुद्धको सचेतना हो । यो सांस्कृतिक परिवेशमा खोजी गरिने राजनीतिक र वैचारिक सङ्घर्ष हो । सत्ता वर्चस्वले विविध माध्यमबाट सीमान्तकृत समुदायलाई आफू अधिनस्थ तुल्याइराख्दछ । पितृसत्ताले पनि नारीलाई दोस्रो दर्जाको मानिस ठानेर सधैँ आफ्नो अनुकूलमा व्यवहार गर्छ वा तिनलाई दमन गरिरहन्छ (अर्याल, २०७६, पृ. ५२) । नारीवादी साहित्यकारहरूले कृतिमार्फत् यसको व्यापक विरोध गरी पितृसत्ताको विरुद्ध प्रतिरोधी चेतनाको उजागर गरेका छन् । प्रस्तुत *तिम्रो लोग्ने र म* मा सङ्गृहीत कथाहरूमा पनि यस्तै पितृसत्ता विरोधी प्रतिरोधी चेतनाको उजागर गरिएको छ । 'वरिपरि', 'आइमाई', 'एक हरफ जिन्दगी' र 'अन्तिम आश' शीर्षकका कथाहरूमा सशक्त रूपमा यस्तो चेतना प्रकट भएको छ भने अन्य कथाहरूमा कतै व्यङ्ग्यात्मक र कतै लाक्षणिक रूपमा पुरुष सत्ताको विरोध गरिएको छ ।

'वरिपरि'की 'म' पात्रले आफ्ना वरिपरि रहेका पुरुषहरूसँग आफूले सामान्य व्यवहार गर्दा पनि तिनीहरूले आफूलाई भोगवादी दृष्टिले हेर्ने र तुच्छ व्यवहार गर्ने गरेपछि त्यस्ता व्यवहारलाई संयमित ढङ्गले प्रतिकार गरेकी छन् । "'मायाप्रीतिका गफ होलान्, होइन के ? यो रातको समय, तपाईंको कामुक आवाज सुन्न लाइनबद्ध छन् कति कति...'" भन्ने कवि भनाउदा पुरुषले महिलालाई हेर्ने भोगवादी दृष्टिकोणको ं प्रतिरोधपूर्ण जवाफ म पात्रले यसरी दिएकी छन् : "कवि महोदय, यस्ता कुराबाट माथि उठ्नुहोस् । कुरा गर्नलाई अरु पनि प्रशस्त विषय छन् यस

ब्रह्माहण्डमा (पृ.९) ।" उनले छोरीमान्छेले एक्लै कोठा लिएर बस्नु हुँदैन भन्ने परम्परित मान्यताको पनि प्रतिरोध गरेकी छन् र एक्लै कोठामा बसेर पुरुषले झैं आफ्नो दैनिक क्रियाकलाप गरेकी छन् । उक्त कुराको स्मरण उनले यसरी गरेकी छन् :

"बुवामुवा र दाइले नगएकामा आपत्ति नजनाएका पनि होइनन् ।

'तँ एक्लै बस्न सक्दिनस् '

यसो भनेपछि झन् एक्लै बसेर देखाइदिने रहर भयो । मसँगैका कलेजका साथीहरू एक्लैएक्लै त बसेका छन् । के म चाहिँ सक्दिनँ ? मेरो परिवारको केही जोड चलेन ।

अन्ततः म एक्लै बसेँ (पृ.११) ।"

प्रस्तुत साक्ष्यले अब महिलाहरू विस्तारै सचेत हुँदै गइरहेका छन् । पुरुषको निगरानीमा आफ्नै घरमा बन्दी बनाइएका उनीहरू महिलाका लागि बनाइएका परम्परित धारणालाई तोडेर आफ्नो लागि बाटो आफै बनाउन अग्रसर हुँदैछन् भन्ने कुराको पुष्टि गरेको छ । यो नै वास्तवमा पितृसत्ताको विरोधमा पैदा भएको प्रतिरोधी चेतना हो ।

'एक हरफ जिन्दगी'की म पात्र पनि जागिरे जीवन यापन गर्दै सहरमा एक्लै बस्छिन् । उसलाई पनि आफ्नै हाकिमले आफूप्रति कुदृष्टि राख्न थालेपछि त्यसको प्रतिकार गरेकी छन् । स्वेच्छाले मन पराएको पुरुष साथीसँग एउटै कोठामा सँगै बसेकी छन् र अन्ततः अविवाहित अवस्थामा नै गर्भवती भएपछि पितृसत्तात्मक मूल्य र मान्यतालाई शिरोपर गर्ने परिवारलाई समेत त्यागेर काठमाडौँमा ाॅल्याट लिएर एक्लै बसेकी छन् । यो उनमा रहेको पितृसत्ता विरोधी प्रतिरोधी चेतना हो ।

'अन्तिम आश'मा पितृसत्तात्मक सोँचको विपरीत प्रतिरोधी चेतना सशक्त रूपमा मुखरित भएको छ । कथाकी प्रमुख पात्र एन्जलले धेरै पुरुषको सङ्गत गरेकी छ तर कसैको झुटो आस्वासनमा फसेकी छैन । बरु अहङ्करी पुरुषलाई त्यागिदिएकी छ तर तिनीहरूको पाउ परेकी छैन । पितृसत्ताले पुरुषले जतिजनासँग सम्बन्ध राख्दा पनि हुन्छ तर नारीले एकजनाको सम्पर्कमा मात्रै जुनी काट्नुपर्छ भन्ने मान्यता राख्छ । त्यस्तो मान्यताबाट गुज्रिएका मानिसहरू अहिले पनि हाम्रो समाजमा छन् । त्यस्तै मान्यताको प्रतिरोध यस कथाकी प्रमुख पात्र एन्जेलले गरेकी छिन् । उनको प्रेमी अस्ट्रेलिया गए पनि उनले अन्य पुरुषको आत्मीयता चाहेकी छिन् उनी भन्छिन् : '...यस्तो मान्छेको खोजीमा छु म जसले प्रेम पनि गरोस्, तर प्राप्ति नखोजोस् (पृ.१२९) ।' उनले यो कुरा उसले चिनेजानेको मान्छ जो उनलाई प्रेम गर्छु भनिरहन्छ तिनैलाई भनेकी हुन् तर उक्त मान्छे भन्छ : 'तपाईं राम्रो मान्छे, तपाईंको आदर गर्छु म । प्रेमी भईभई किन यस्तो सोच्नुहुन्छ (पृ.१२९) ?' यसको जवाफमा उनी भन्छिन् : '... स्वास्नी भईभईकन पनि तपाईंले मलाई प्रेम गर्छु भन्न हुने, मैले भने... (पृ.१२९) ? उनको यस भनाइले लैङ्गिक समानताको खोजी गरेको छ । यो उनीभित्र पलाएको पितृसत्ताविरुद्धको प्रतिरोधी चेतना हो । यसरी पितृसत्तात्मक समाजमा पुरुषलाई मात्रै स्वतन्त्रतापूर्वक अनेकौं महिलासँग सम्बन्ध गाँस्दै हिंड्न छुट दिने समाजले अब महिलालाई पनि त्यस्तै स्वतन्त्रता दिइनुपर्छ भन्ने उदाहरणका माध्यमबाट महिला र पुरुष फरक फरक अस्तित्व रहेका स्वतन्त्र व्यक्ति भएकाले तिनीहरूबीच हरेक कुरामा समानता हुनुपर्छ भन्ने कुरालाई कथामा विशेष जोड दिइएको छ । यसरी *तिम्रो लोग्ने र म* का कथामा नारीलाई परम्परित मूल्य र मान्यताको चौघेरामा राखेर उनीहरूसँग फाइदा लिन खोज्ने पुरुष तथा पुरुषप्रधान सोँच भएका सिङ्गो समाजका विरुद्ध प्रतिरोधी चेतना प्रकट भएको छ ।

**नारी अस्तित्व र पहिचानको खोजी**

अस्तित्व भनेको व्यक्ति वा समूहको उपस्थिति हो । यसले कुनै पनि कुरा हुनुको बोध गराउँछ । अस्तित्वबोधको चेतनाले मानिसलाई आङ्खनो पहिचान दिलाउँछ । पहिचान चाहिँ सांस्कृतिक अध्ययनको एउटा मुख्य अवधारणा हो । यसले व्यक्ति वा समूहको गुण वा विशेषतालाई बुझाउँछ । नारी अस्तित्व र पहिचानको खोजी भनेको नारीले समाजमा पुरुषले जस्तै आफ्नो छुट्टै स्वतन्त्र स्थानको खोजी गर्नु हो । मानव समाजमा सदियौँदेखि नारीले पितृसत्ताभित्र आफ्नो परिचय लुकाएर बाँच्नुपरेको ऐतिहासिक तथ्य रहेको छ । सामाजिक संस्कार, नीति, नियम, धर्म र कानुन जहाँसुकै नारीलाई परिचयहीन तुल्याइएपछि विस्तारै उनीहरूले आङ्खनो स्वतन्त्र परिचय खोज्न थाले ।

खासगरी उत्तरआधुनिकताको आरम्भ भएपछि सबै सीमान्तीकृत समुदायले आ–आङ्खनो परिचय खोजिरहेको अवस्थामा नारीले पनि आङ्खनो छुट्ट्रै स्थानको खोजी गर्न थाले । वास्तवमा नारीहरूले स्वतन्त्र स्थान र परिचयको खोजी गर्नुलाई नै अस्तित्व र पहिचानको खोजी भनिएको हो । परम्परामा विभिन्न बहानामा जस्तोसुकै दमन र तिरस्कारलाई सहन गरे पनि वर्तमानका नारीहरू अरुको तिरस्कार र घृणाबीच आफू कुण्ठित भएर बाँच्न चाहँदैनन् । तसर्थ उनीहरू आफ्नो स्वत्वको खोजीमा सङ्घर्षरत छन् (अर्याल, २०७६, पृ. ५६) । प्रस्तुत *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथाका केही नारी पात्रहरू यस्तै पहिचानको खोजीमा निस्किएका छन् ।

'वरिपरि' कथाकी 'म' पात्र साहित्यकार हुन् । चितवन घर भएकी उनी सुरुमा काठमाडौंमा दाइसँग बस्छिन् । दाइको सरुवा पोखरामा भएपछि बुवाआमाले उनलाई काठमाडौंमा एक्लै बस्न अनुमति नदिए पनि उनी काठमाडौंमा एक्लै बस्छिन् किनकि उनलाई त्यही बसेर आफ्नो छुट्टै पहिचान बनाउनु छ । नाम कमाउनु छ । चर्चित बन्नु छ । उनी भन्छिन् :

> हाम्रो घर काठमाडौं बाहिर हो । चितवन । दाइ र म काठमाडौं बस्छौं । बस्छौं होइन, बस्थ्यौं । दाइको सरुवा पोखरा भयो एक वर्षअघि । म दाइसँग गइनँ । मलाई नाम कमाउनु छ । चर्चित बन्नु छ । केन्द्रबाट बाहिर किन गइरहन्थेँ ? बुवामुवा र दाइले नगएकामा आपत्ति नजनाएका पनि होइनन् । (पृ.११)

प्रस्तुत भनाइबाट के बुझ्न सकिन्छ भने वर्तमानका नारीहरू अरुले दिएको परिचय लिएर होइन आफ्नै छुट्टै पहिचान बनाएर बाँच्नमा गर्व गर्छन् । उनी काठमाडौंमा एक्लै त बसिन् तर उनका बुआआमाले चिन्ता गरे जस्तै उसलाई त्यहाँ एक्लै बस्न भने सहज थिएन । उनका वरिपरिका पुरुषहरू दिनमा नचिनेझैं गर्ने तर रातमा प्रेमिकाजस्तै ठानेर मोबाइलामा कुरा  गर्थे । यो कुरा बुझेपछि उनले तिनीहरूसँग कुरा गर्न बन्द गरिन् तर कुनै पनि पुरुषलाई आफ्नो अस्तित्वमाथि खेलबाड गर्न दिइनन् । बरु आफूले लेख्ने कथाका माध्यमबाट त्यस्ता पुरुषहरूको चरित्रलाई समेत नङ्ग्याइदिइन् ।

अर्को कथा 'एक हरफ जिन्दगी'की 'म' पात्रले पनि नारी अस्तित्व र पहिचानको खोजी गरेकी छन् । ऊ पढेलेखेकी अफिसमा काम गर्ने जागिरे महिला हुन् । उनी पनि काठमाडौंमा एक्लै कोठा लिएर बसेकी छन् । उनी स्वतन्त्र प्रकृतिकी छन् । पुरुषसरह उनी पनि खुलेआम एउटा युवकलाई प्रेम गर्छिन् । यसलाई उनी नारीको नैसर्गिक अधिकार ठान्छिन् । यही प्रेम सम्बन्धबाट उनी गर्भवती पनि बन्छिन् । प्रेमलाई उनले विवाहको बन्धनमा बाँध्न चाहेकी छैनन् । त्यसैले आफू गर्भवती बनेपश्चात् परिवारबाटै तिरस्कार पाए पनि पे्रमीको खोजी गरेकी छैनन् बरु पेटमा हुर्किरहेको बच्चाको लागि घरबाट निस्किएर एक्लै बस्ने निर्णय गरेकी छन् । यसबाट के बुझ्न सकिन्छ भने पितृसत्ताले परिचयहीन बनाएका नारीहरू अब आफूले जन्माएको बच्चालाई समेत आफै परिचय दिनका लागि परिवार र समाजसँग सङ्घर्ष गर्न पनि सामथ्र्यवान् छन् । यसमा उनीहरू आफ्नो स्वपहिचान र अस्तित्व देख्छन् ।

'अन्तिम आश' कथामा पनि कथाकी 'म' पात्रले आफ्नो अस्तित्वलाई दाउमा राखेर कुनै पुरुषको पाउमा परेकी छैनन् । बरु आफ्नो भावनासँग खेल्ने पुरुषहरूसँगको सम्बन्धलाई उनी स्वयम्ले त्यागिदिएकी छन् । यसैगरी 'उर्वशी'मा आफ्नो अस्तित्वकै खातिर उर्वशीले अनेक पुरुषसँग सम्बन्ध राखेकी छन् भने 'तिम्रो लोग्ने र म' र 'आइमाई' कथाका नारीहरू घरमा श्रीमती भई भई बाहिर प्रेमिका राख्ने पुरुषहरूको देखावटी प्रेमको प्रतिकार गरी आफ्नो अस्तित्व राख्न सफल भएका छन् । यसरी *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथाहरूमा नारी अस्तित्व र पहिचानको तीव्र खोजी गरी लैङ्गिकताका दृष्टिकोणबाट नारी पुरुषभन्दा भिन्न छुट्टै अस्तित्व हो भन्ने कुरालाई बुलन्द तुल्याइएको छ । पुरुषभन्दा भिन्न लिङ्गका भएकैले समाजमा अस्तित्वहीन भएर बस्न बाध्य तुल्याइए पनि त्यही लिङ्गगत भिन्नता नै नारीको पहिचान भएकाले अब ऊ पनि पुरुषसरह समाजमा स्वतन्त्र अस्तित्वका साथ उभिन पाउनुपर्छ भन्ने आवाजलाई कथामा उजागर गरिएको छ ।

**समलिङ्गी समस्याको उठान**

मानव समाजमा नारी र पुरुषबाहेक अन्य लिङ्गीको अस्तित्व पनि रहेको छ । त्यस्ता अन्य लिङ्गीमा पुरुष समलिङ्गी, स्त्रीसमङ्गिी, द्विलिङ्गी तथा तेस्रो लिङ्गीजस्ता फरक यौनिक पहिचान भएका मानिसहरू पर्दछन् ।

पितृसत्तात्मक सामाजिक व्यवस्थाका कारण नारी मात्र होइन तेस्रो लिङ्गी र समलिङ्गी जस्ता अन्य लिङ्गका मानिसहरू पनि दमन र शोषणमा परिरहेका छन् । तिनीहरू आफ्नै परिवार र समाजभित्र तुच्छ जीवन बाँचिरहेका छन् । लैङ्गिक अध्ययनमा पितृसत्ताका कारण दमनमा परेका पुरुष र महिलाका साथै यस्ता व्यक्तिहरूको पनि अध्ययन गरिन्छ । वर्तमान साहित्यमा यस्ता व्यक्तिहरूको समस्यालाई पनि प्रमुख विषय बनाइदै आएको पाइन्छ तीमध्ये निरूपा प्रसूनको *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथामा पनि यस किसिमको समलिङ्गी समस्याको उठान गरिएको छ ।

समलिङ्गी भनेको विपरीत लिङ्गीप्रतिको आकर्षण नभई आङ्खनै लिङ्गको मानिसप्रतिको भावनात्मक वा यौन आकर्षण हो । यस्तो आकर्षण महिलालाई महिलाप्रति र पुरुषलाई पुरुषप्रति नै हुने गर्दछ । यस्तो आकर्षण जन्मजात वा प्राकृतिक रूपमा हुने गर्दछ । *तिम्रो लोग्ने र म* कथासङ्ग्रहमा सङ्गृहीत 'आधाआधी' शीर्षकको कथा महिला समलिङ्गीको कथा हो । कथाका प्रमुख पात्र आधार पेशाले प्राध्यापक हुन् । उनी कलेज पढाउँछिन् । बाहिर हेर्दा सबै ठिकठाक देखिए पनि उनीभित्र समस्याको पहाड छ । शरीरले महिला भए पनि उनी महिलाप्रति नै आकर्षित हुने यौनिकता भएको महिला समलिङ्गी हुन् । तर यो कुरा उनी अरु समक्ष खुलेर बताउन सक्दिनन् । कथाका समख्याता 'म' पात्र अर्थात् निर्देशिका थापासँग मित्रता भएपछि बल्ल उनले यो कुराको खुलासा गरेकी छन् । उनीभित्र पनि अन्य मानिससरह प्रेम गर्ने तथा यौनेच्छा पुरा गर्ने रहर छ तर सामाजिक प्रतिबन्धका कारण यस्ता कुण्ठालाई दबाएर बस्न उनी विवश छिन् । आफू महिला समलिङ्गी भएको कुरा थाहा पाएपछि सँगै पढ्ने रमितालाई माया गर्ने गरेको र त्यो कुरा उसलाई बताउँदा त्यसै क्षणबाट ऊ बोल्न छाडेको कुराबाट ऊ दुःखी छिन् । उनी भन्छिन् : "म रमितालाई असाध्यै माया गर्थें । उसका स–साना रहर पनि घरबाट पैसा चोरेर पूरा गरिदिन्थें । त्यसो त म आफूलाई हिरो र रमितालाई हिरोइन ठान्थें । मैले आफू लेस्बियन भएको कुरा रमितालाई भनें । त्यसै क्षणबाट बोल्न छाडी मसँग (पृ. ३३) ।" यस घटनाबाट दुःखी भएकी उनी आफ्नो वास्तविकता अरुलाई सुनाउन हिच्किचाउँछिन् । अरुले घृणा गर्लान् भन्ने कुराले डराउँछिन् । तै पनि निर्देशिकालाई यो कुरा बताउन सक्षम हुन्छिन् । उनको वास्तविकता थाहा पाएपछि निर्देशिकाले म तिमीलाई घृणा गर्दिनँ, प्रेम पनि गर्दिनँ तर साथी बन्न सक्छु भनेपछि ऊ खुशी हुन्छिन् ।

प्रस्तुत कथाका घटनाबाट के कुरा थाहा हुन्छ भने समलिङ्गीहरूमा पनि अन्य नारी र पुरुषको जस्तै इच्छा र चाहना हुन्छ । उनीहरू पनि परिवार तथा समाजमा प्रेमपूर्वक जीवन बिताउन चाहन्छन् । तर पितृसत्तात्मक सोँच भएको समाजले उनीहरूको इच्छा, चाहना र आवाजलाई जहिले पनि दबाइरहेकै हुन्छ । उनीहरूको वास्तविक परिचयलाई खुला रूपमा स्वीकार्दैनन् । बरु यसको साटो उनीहरूलाई घृणाका दृष्टिकोणले हेरिदिन्छन् । यसो हुनाले उनीहरू भित्रभित्रै कुण्ठित भएर आङ्खनो परिचयलाई लुकाएर हिँड्न र बाँच्न विवश हुन्छन् । प्रस्तुत कथाका माध्यमबाट कथाकार प्रसून्ले महिला समलिङ्गीजस्ता कैयन् अन्य लिङ्गीहरूको जीवनको यथार्थता र उनीहरूको समस्याको उठान गरी उनीहरूलाई पनि यो समाजमा स्वतन्त्र मानिससरह बाँच्ने अधिकार दिनुपर्छ भन्ने आवाजलाई अभिव्यक्त गरिएको छ ।

**निष्कर्ष**

*तिम्रो लोग्ने र म* निरूपा प्रसूनद्वारा लेखिएको कथासङ्ग्रह हो । प्रसून समकालीन नारीवादी नेपाली कथाकार हुन् । उनका कथामा मूलतः नारीवादी स्वर र अंशतः अन्य लिङ्गीको समस्यामा आधारित भएर लैङ्गिक चेतनायुक्त स्वरहरू प्रखर रूपमा अभिव्यक्त भएको हुन्छ । उनको *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथा पनि लैङ्गिक समस्याको केन्द्रीयतामा लेखिएको कथा हो । यस सङ्ग्रहका कथामा पनि नारीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक समस्यालाई मुख्य केन्द्रविन्दु बनाइएको छ भने यसका साथसाथै अन्य लिङ्गी अर्थात् महिला समलिङ्गको इच्छा, चाहना, कुण्ठा, पीडालगायतका सामाजिक समस्यालाई चित्रण गरी उनीहरूको स्वतन्त्र अस्तित्व र भिन्न परिचयको आवाजलाई उठाइएको छ ।

लैङ्गिकता भनेको फरक यौनिक चिह्नका कारण सामाजिक भूमिका समेत फरक फरक निर्धारण गरिएको पुरुष, महिला र अन्य लिङ्गी मानिसको सामाजिक–सांस्कृतिक तथा राजनीतिक क्षेत्रसँग सम्बद्ध विषयको अध्ययन

गर्ने सैद्धान्तिक अवधारणा हो। यसले मानिसका जैविक प्राकृतिक गुण अर्थात् शारीरिक बनोटको भिन्नताका कारण सामाजिक विशेषतामा हुने भिन्नतालाई बुझाउँछ। यसै भिन्नताका कारण समाजमा नारी र पुरुषबिच ठूलो खाडल रहेको छ। पुरुषहरू शक्ति सम्पन्न छन् भने नारीहरू निरीह छन्। यसो हुनुको कारण पितृसत्तात्मक सामाजिक संरचना हो। यस्तो विभेदकारी सामाजिक व्यवस्थाको अन्त्य गरी लैङ्गिक समानता कायम हुनुपर्ने माग नारीवादीहरूले लैङ्गिक अवधारणाका साथ अघि सारेका छन्। लैङ्गिक अवधारणाको विकासका क्रममा सन्दिग्धता सिद्धान्तको स्थापना भएपछि समाजमा नारी र पुरुषबीच मात्र असमानजनक स्थिति होइन तेस्रो लिङ्गीहरू पनि पहिचानबिहीन भएर रहेका छन् तसर्थ तिनको पनि अध्ययन हुनुपर्छ भन्ने अवधारणाको विकास भएसँगै तेस्रोलिङ्गी तथा समलिङ्गीहरूको पनि अध्ययन हुन थाल्यो र यस अवधारणालाई साहित्यकारहरूले पनि आफ्नो साहित्यिक कृतिमार्फत् मूर्त रूप दिन थाले। कतिपय नारी लेखक तथा साहित्यकारहरूले यसलाई आफ्नो प्रमुख प्रवृत्तिको रूपमा नै यसलाई अघि बढाएका छन्। तीमध्ये एक वर्तमान समयमा नेपाली कथाजगत्का माध्यमबाट लैङ्गिकताको विषयलाई मुख्य बनाएर कलम चलाउने कथाकार निरूपा प्रसून पनि हुन्। उनको *तिम्रो लोग्ने र म* कथासङ्ग्रहका कथाहरूमा वर्तमान नारीहरूको यथार्थ जीवनभोगाइ, उनीहरूलाई हेर्ने सामाजिक दृष्टिकोण र उनीहरूप्रति गरिने व्यवहार लगायत उनीहरूमा आएको नारीउत्पीडन विरुद्धको प्रतिरोधी चेतना सशक्त रूपमा प्रकट भएको पाइन्छ। साथै विगतमा समाजले स्वीकार्न नचाहेको अन्य लिङ्गीहरूमध्ये महिला समलिङ्गीको भावना, विचार र कुण्ठा, त्रास जस्ता मानवीय संवेदनायुक्त विषयलाई समेत यसमा स्थान दिइएको छ। समग्रमा यस सङ्ग्रहका कथाहरूले लैङ्गिक समानताको आवाजलाई सशक्त रूपमा उठाएको छ। यस दृष्टिकोणबाट हेर्दा कथा उत्कृष्ट ठहरिएको छ।

**सन्दर्भसामग्री सूची**

अर्याल, अम्बिका (२०७६). समकालीन नेपाली कथामा नारीचेतना. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श*. सम्पा. ज्ञानु अधिकारी, नेपाल प्रज्ञा–प्रतिष्ठान। पृ. ४३-७२

गुरागाईं, राधिकादेवी (२०७१). स्वास्नीमान्छे नाटकमा लैङ्गिकता. वाङ्मय (१५)। पृ. ८०-८९

दास, प्रभाकर लाल (२०५७). *लैङ्गिक अध्ययन*. रेखारानी प्रकाशन।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. भृकुटी (१९)। पृ. ३२६-३३३

ढकाल, रजनी (२०७७). *समकालीन नेपाली कथामा वैचारिकता*. नेपाल प्रज्ञा–प्रतिष्ठान।

ढकाल, रजनी (२०८१). *लैङ्गिकता र नेपाली साहित्य*. भुँडीपुराण प्रकाशन।

पाण्डे, ज्ञानू (२०६९). नेपाली उपन्यासमा लैङ्गिकता. नेपाल प्रज्ञा–प्रतिष्ठान।

पाण्डे, ज्ञानू (२०७६). समकालीन नेपाली कथामा लैङ्गिक चेतना. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श*. सम्पा. ज्ञानु अधिकारी. नेपाल प्रज्ञा–प्रतिष्ठान। पृ. १५३-१७५

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति*. विमर्श नेपाल।

प्रतीक्षा, साधना (२०७९). लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना*. (भाग ३) सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. रत्न पुस्तक भण्डार। पृ. ३२५-३५६

प्रसून, निरूपा (२०७१). *तिम्रो लोग्ने र म*. याम्बुरी बुक प्वाइन्ट।

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना*. सैद्धान्तिक खण्ड (द्वितीय संस्क.). सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. रत्न पुस्तक भण्डार। पृ. २५९-२७३

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*. भुँडीपुराण प्रकाशन।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*. पाठ्यसमग्री प्रकाशन।

Barker, C. (2008). *Cultural studies: Theory and practice* (Third ed.) Sage Publications.